## डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# स्थानीय राजपत्र

**खण्ड-९ संख्याः २ मितिः २०८२/०३/२९**

## भाग- १

## डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

सभाबाट स्वीकृत मितिः २०८२।०३।२६
प्रमाणीकरण मिति २०८२/०३/२९

## डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक (संशोधित) ऐन, २०८२

**प्रस्तावनाः**

डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम डोल्पो बुद्ध गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशनले यो (संशोधित) ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।

**२. सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (१) बमोजिम सम्पती कर/घर जग्गा कर लगाइने र असुल उपर गरिने छ।

**३. भुमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

**४. घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आशिंक तवरले वहालमा दिएकोमा अनुसुची (३) बमोजि घर जग्गा वहालकर लगाईने र असुल गरिनेछ।

**५. व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र, व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारको आधारका साथै गाउँपालिका बाहिरबाट खरिद गरी यस गाउँपालिकामा वा गाउँपालिकाको स्थलमार्ग हुँदै अस्थायी रुपमा व्यापारिक प्रयोजनार्थ निकासी गरिने भेडा/च्याङग्राहरुको हकमा पशु प्रवेश, चरण क्षेत्रको उपभोगका साथै स्थानीय पशुपन्छी (भेडा /च्याङग्रा) को उत्पादनलाई प्रवर्द्धन, संरक्षण र बजारीकरणमा टेवा पुर्याउनका लागि भेडा च्याङग्रामा लगाइने करलाई समेत व्यावसायिक कर मानिनेछ र यस्तो कर अनुसूची (४) बमोजिम लगाईने र असुल उपर गरिने छ। तर यस्तो कर अन्य स्थानीय तहमा दाखिला गरेको भौचर पेश गरेको खण्डमा यस अनुसूची बमोजिमको कर असुल गरिनेछैन।

**६. जडिवुटी, कवाडी, र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुची (५) वमोजिम कर लगाईने छ।

**७. सवारी साधन कर**: गाउँपालिका क्षेत्रभित्र दर्ता गरिएका सवारी साधानमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

**८. विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसुची (८) मनोरन्जन कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिने छ।

**१२. सेवा शुल्क, दस्तुर, महशुल, अन्य शुल्क**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (११) मा उल्लिखीत स्थानिय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ।

**१३. घर नक्सा पास शूल्क:** गाउँपालिका क्षेत्र भित्र नक्सापास गराए वापत अनुसूची (१२) बमोजिम नक्सापास शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइन् छैन।

१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

**अनुसूची – १**

**ऐनको दफा (२) सँग सम्बन्धित**

**सम्पत्ति करको दर**

जग्गा र भौतिक संरचनाको मूल्याङ्कन पछि कायम हुन आएको मूल्यमा देहाय बमोजिमको दरले एकीकृत सम्पत्ति कर लगाईनेछ।

| सि.नं. | देखि | सम्म | कर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ लाख सम्म | | १०० | |
| २ | १ लाख भन्दा बढी | ५ लाख सम्म | १५० | |
| ३ | ५ लाख भन्दा बढी | १० लाख सम्म | २०० | |
| ४ | १० लाख भन्दा बढी | १५ लाख सम्म | ३०० | |
| ५ | १५ लाख भन्दा बढी | २० लाख सम्म | ५०० | |
| ६ | २० लाख भन्दा बढी | २५ लाख सम्म | ८०० | |
| ७ | २५ लाख भन्दा बढी | ३० लाख सम्म | १२०० | |
| ८ | ३० लाख भन्दा बढी | ४० लाख सम्म | १५०० | |
| ९ | ४० लाख भन्दा बढी | ५० लाख सम्म | २००० | |
| १० | ५० लाख भन्दा बढी | ७५ लाख सम्म | ५००० | |
| ११ | ७५ लाख भन्दा बढी | १ करोड सम्म | ७००० | |
| १२ | १ करोड भन्दा बढी | ५ करोड सम्म | १०००० | |
| १३ | ५ करोड भन्दा माथी | | प्रति हजार ५० पैसा | |

**अनुसूची – २**

**ऐनको दफा (३) सँग सम्बन्धित**

**भूमी कर (मालपोत)**

| सि.नं. | जग्गा वर्गीकरण | इकाइ | करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | सिचाई सुविधा पुगेको | प्रति रोपनी | १५ | |
| २ | सिचाई सुविधा नपुगेको/पाखो वारी | प्रति रोपनी | १० | |

**अनुसूची – ३**

**ऐनको दफा (४) सँग सम्बन्धित**

**घर बहाल कर**

| सि.नं. | आम्दानी शिर्षक | आम्दानी संकेत | करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | घर/जग्गा बहाल | | बहाल रकमको १०% | |
| २ | | | | |

**अनुसूची – ४**

**ऐनको दफा (२) सँग सम्बन्धित**

**व्यवसाय कर**

| क्र. सं. | कर, दस्तुर, महशुल शिर्षक | दर्ता तथा नविकरण करको दर वर्गीकरण | कैफियत |
|---|---|---|---|
| १ | गर गहना पसल | १००० | |
| २ | ईलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल | ८०० | |
| ३ | हार्डवयर पसल | १००० | |
| ४ | प्लाइउड, सिसा कार्पेट फ्रेम | १००० | |
| ५ | कपडा पसल फेन्सी समेत | १००० | |
| ६ | खाद्यान्न, गल्ला तथा किराना पसल | १००० | |
| ७ | तरकारी तथा फलफूल पसल | २०० | |
| ८ | स्टिल /काठ फर्निचर | १००० | |
| ९ | साइकल रिक्सा विक्री | १५०० | |
| १० | फ्रेस हाउस | १००० | |
| ११ | मदिरा पसल | २५०० | |
| १२ | एग्रोभेट/विउ विजन समेत | १००० | |
| १३ | भाँडा पसल | १००० | |
| १४ | पुस्तक तथा स्टेशनरी | १००० | |
| १५ | गिफ्ट तथा फोटो फ्रेम पसल | १००० | |
| १६ | ग्यास सिलिण्डर विक्री | १००० | |
| १७ | छाला संकलन तथा विक्री पसल | १५०० | |
| १८ | श्रृङ्गार पसल/ब्युटी पार्लर | १००० | |
| १९ | फोटो स्टुडीयो | १००० | |
| २० | टेलर्स | १००० | |
| २१ | ग्रिल उद्योग | १००० | |
| २२ | साइन बोर्ड पेन्टीङ | १००० | |
| २३ | फ्लेक्स प्रिन्ट | १००० | |
| २४ | साइकल रिक्सा मर्मत | १००० | |
| २५ | इन्जिनियरिङ तथा शैक्षिक परामर्श सेवा | १००० | |
| २६ | चिकित्सक/वकिल/लेखापरिक्षक/लेखापढी व्यवसाय | १५०० | |
| २७ | नापी सेवा/विमा एजेन्ट/पशु चिकित्सक | १५०० | |
| २८ | होटेल/रेष्टुरेन्ट/लज | १००० | |
| २९ | मिठाइ तथा नास्ता पसल | १००० | |
| ३० | छापाखाना प्रकाशन | २००० | |
| ३१ | औषधि पसल | १५०० | |
| ३२ | ट्राभल एण्ड टुर्स प्रा.लि. | १५०० | |
| ३३ | कवाडी पसल व्यवसाय | २००० | |
| ३४ | मोटर पार्टस/स्पेयर पार्टस | १५०० | |
| ३५ | मोटरसाइकल विक्रेता | २५०० | |

| | | | |
|---|---|---|---|
| ३६ | पेट्रोलियम पदार्थ | १५०० | |
| ३७ | सोलार सम्बन्धी पसल | १००० | |
| ३८ | कम्प्युटर तथा टि.भी. पसल | १५०० | |
| ३९ | गाडी मोटर टायर विक्रेता | १५०० | |
| ४० | कम्प्युटर तथा टि.भी. मर्मत | ५०० | |
| ४१ | सैलुन | ५०० | |
| ४२ | ड्राइभिङ सेन्टर | १५०० | |
| ४३ | ट्रान्सपोर्ट ढुवानी सेवा | १५०० | |
| ४४ | निर्माण व्यवसाय 'घ' वर्ग दर्ता | १५००० | |
| ४५ | निर्माण व्यवसाय 'घ' वर्ग नविकरण | ५००० | |
| ४६ | विक्री डिपो | २००० | |
| ४७ | स मिल | १०००० | |
| ४८ | फर्निचर उद्योग | १०००० | |
| ४९ | बैदेशिक रोजगारी/म्यानपावर | ५००० | |
| ५० | कलरल्याव | ५००० | |
| ५१ | प्रसारण गृह/रेडीयो/केवल नेटवर्क | ५००० | |
| ५२ | डकर्मी/सिकर्मी/प्लम्वर | ५०० | |
| ५३ | टेन्ट हाउस | १००० | |
| ५४ | वाणिज्य बैंक | १०००० | |
| ५५ | विकास बैंक | ८००० | |
| ५६ | फाइनान्स कम्पनी तथा वित्तिय संस्था | ५००० | |
| ५७ | मनि ट्रान्सफर तथा मुद्रा सटही काउन्टर | २००० | |
| ५८ | बचत तथा ऋण सहकारी संस्था | ३००० | |
| ५९ | बहुउद्धेश्यीय सहकारी संस्था | १५०० | |
| ६० | कृषि सहकारी संस्था | १००० | |
| ६१ | सहकारी बैंक | ५००० | |
| ६२ | गैर सरकारी अस्पताल | ५००० | |
| ६३ | क्लिनिक/ल्याव | १५०० | |
| ६४ | कृषक समूह दर्ता तथा नविकरण | ५०० | |
| ६५ | खानेपानी मुहान दर्ता तथा नविकरण | ५००० | |
| ६६ | जुत्ता चप्पल उद्योग | ५००० | |
| ६७ | चाउमिन उद्योग | ५००० | |
| ६८ | गारमेन्ट उद्योग | ५००० | |
| ६९ | कुटानी पिसानी तेलहन मिल | १००० | |
| ७० | क्रसर उद्योग | १०००० | |
| ७१ | अन्य उद्योग १० करोड सम्मको साना उद्योग | १०००० | |
| ७२ | १० करोड भन्दा माथि २५ करोड सम्म मझौला | १५००० | |
| ७३ | कम्प्युटर/मोवाइल मर्मत केन्द्र | ५०० | |
| ७४ | घुमन्ते व्यापारी प्रति दिन | ५० | |
| ७६ | निजी विद्यालय सञ्चालन अनुमति तथा नविकरण वार्षिक कर आ वि स्तर | ५००० | |
| ७७ | निजी विद्यालय सञ्चालन अनुमति तथा नविकरण वार्षिक कर मा. वि.स्तर | १०००० | |

| | | | |
|---|---|---|---|
| ७९ | कक्षा थप अनुमति | २००० | |
| ८० | भेडा /च्याङग्रा व्यावसाय कर प्रवेश तथा निकासी | १००० | प्रति गोटा |

## अनुसूची ५
## ऐनको दफा (६) सँग सम्बन्धित
### जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | वार्षिक सवारी कर | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | ऊन | ५ | प्रति के. जी. |
| २ | जिवजन्तुको हाड/सिङ | ५०० | प्रति क्वीन्टल |
| ३ | जीवन बुटी (यार्सागुम्बा) | २४०० | प्रति किलो |

## अनुसूची ६
## ऐनको दफा (७) सँग सम्बन्धित
सवारी साधन ( सडक उपभोग र स्थानीय सेवा) कर

| सि.नं. | वार्षिक सवारी क र | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | ई रिक्सा | ५०० | |
| २ | मोपेड | ५०० | |
| ३ | मोटरसाइकल | ५०० | |
| ४ | जीप | १०,००० | |
| ५ | ट्याक्टर | १०,००० | |
| ६ | एक्साभेटर | १०,००० | |
| ७ | लोडर | १०,००० | |

## अनुसूची ७
## ऐनको दफा (८) सँग सम्बन्धित
विज्ञापन कर

| सि.नं. | विज्ञापनको किसिम | प्रति वर्ग फूट | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड तथा अन्य विद्युतीय वोर्डहरु | १०० | वार्षिक |
| २ | साइनवोर्ड आदी | ५० | वार्षिक |
| ३ | भित्ते लेखन | २५ | पटके |
| ४ | तुल व्यानर | २५ | पटके |

## अनुसूची ८
## ऐनको दफा (९) सँग सम्बन्धित
मनोरञ्जन कर

| सि.नं. | मनोरञ्जन कर | दैनिक | कैफियत |
|---|---|---|---|
| १ | महोत्सव भित्रको रमाइलो मेला | १००० | |
| २ | नृत्यकला केन्द्र सञ्चालन प्रतिगोटा | ५० | |
| ३ | महोत्सव मेला दस्तुर | १०० | |

## अनुसूची ९
## ऐनको दफा (१०) सँग सम्बन्धित
बहाल विटौरी शुल्क

| सि.नं. | बहाल विटौरी शुल्क | दर | कैफियत |
|---|---|---|---|
| १ | पालिका भित्र गाउँमा सञ्चालित व्यापारिक प्रयोजनका लागि अस्थायी रुपमा खडा गरिएका टेन्ट तथा पसलहरु | १०,००० | वार्षिक |
| २ | गाउँपालिका क्षेत्रभित्रको भेरी करीडोरको विभिन्न स्थानमा सञ्चालित व्यापारिक प्रयोजनका लागि अस्थायी रुपमा खडा गरिएका टेन्ट तथा पसलहरु (तोलतोल क्षेत्रमा) | ६०,००० | वार्षिक |
| ३ | गाउँपालिका क्षेत्रभित्रको भेरी करीडोरको विभिन्न स्थानमा सञ्चालित व्यापारिक प्रयोजनका लागि अस्थायी रुपमा खडा गरिएका टेन्ट तथा पसलहरु (सिसोल क्षेत्रमा) | २,५०,००० | वार्षिक |

## अनुसूची १०
## ऐनको दफा (११) सँग सम्बन्धित
पार्किङ शुल्क

| सि.नं. | सवारी साधनको किसिम | दैनिक लाग्ने कर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, मिनी बस आदी | १०० | |
| २ | जीप, कार, भ्यान, ट्याक्सी आदी | ५० | |
| ३ | मोटरसाइकल, अटो रिक्सा आदी | २५ | |

## अनुसूची ११
## ऐनको दफा (१२) सँग सम्बन्धित
सेवा शुल्क, दस्तुर, महशुल, अन्य शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस दस्तुर | १०० | |
| २ | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | २५० | |
| ३ | अंगीकृत नागरिकता सिफारिस दस्तुर | १००० | |
| ४ | नाता प्रमाणित दस्तुर | २५० | |
| ५ | नाता प्रमाणित दस्तुर अंग्रेजीमा | ६०० | |
| ६ | उद्योग दर्ता सिफारिस ५ लाखसम्म | ५०० | |
| ७ | पञ्जीकरण विलम्व दस्तुर | २०० | |

| | | | |
|---|---|---|---|
| ८ | पञ्जीकरण प्रतिलिपि दस्तुर | ५०० | |
| ९ | उद्योग दर्ता सिफारिस ५ लाख भन्दा माथी | २००० | |
| १० | चार किल्ला प्रमाणित | १३०० | |
| ११ | मालपोत वक्यौता प्रति रोपनी प्रति वर्ष | २० | |
| १२ | घर नक्सा प्रमाणित | १२०० | |
| १३ | घर बाटो प्रमाणित | ६०० | |
| १४ | घर धुरी कर एक तले माटोको छानो | १२० | |
| १५ | घर धुरी कर दुई तले माटोको छानो | १५० | |
| १६ | घर धुरी कर एक तले टिनको छानो | २५० | |
| १७ | घर धुरी कर दुई तले टिनको छानो | ३६० | |
| १८ | होटल व्यवसाय कर स्थायी | १२०० | |
| १९ | होटल व्यवसाय कर अस्थायी | २४०० | |
| २० | घोडा खच्चर  उपचार सेवा शुल्क प्रतिगोटा | ० | संशोधन भएको |
| २१ | भेडा, च्याङग्रा (बाख्रा, खसी, बोका)   उपचार सेवा शुल्क  प्रतिगोटा | ० | संशोधन भएको |
| २२ | भेडा च्याङग्र र याकको  बन्ध्याकरण सेवा शुल्क  प्रतिगोटा | ५० | |
| २३ | कुकुर बन्ध्याकरण | १०० | |
| २४ | व्यापारिक प्रयोजनका लागि बाहिरबाट खरिद गरी ल्याइएका  पशुहरुको हकमा  चरण उपभोग  सेवा शुल्क  प्रतिगोटा प्रतिदिन | ५० | |
| २६ | घर जग्गा नामसारी सिफारिस विक्री प्रयोजन | २५० | |
| २७ | घर जग्गा नामसारी सिफारिस हकवालामा | ३०० | |
| २८ | नाम थर संशोधन सिफारिस | १५० | |
| २९ | निवेदन दस्तुर | १० | |
| ३० | अस्थायी वसोवास सिफारिस | १५० | |
| ३१ | जन्म, मृत्यु, विवाह  प्रमाणित | १५० | |

| | | | |
|---|---|---|---|
| ३२ | उद्योग नामसारी/ठाउँसारी सिफारिस | १००० | |
| ३३ | उद्योग स्थापनाको लागि सिफारिस | १५०० | |
| ३४ | वैदेशिक अध्ययन सिफारिस | ६०० | |
| ३५ | जग्गा धितो मूल्याङ्कन सिफारिस | ०.१०% | मुल्याङ्कनको |
| ३६ | छुट जग्गा सिफारिस | ६०० | |
| ३७ | जग्गाको कित्ता काट सिफारिस | ५०० | |
| ३८ | घर जग्गा मूल्याङ्कन सिफारिस | ०.२२% | मूल्यङ्कनको |
| ३९ | उद्योग व्यवसाय लगत कट्टा सिफारिस | १२०० | |
| ४० | आय श्रोत प्रमाणित नेपालीमा | ०.२२% | मूल्यङ्कनको |
| ४१ | आय श्रोत प्रमाणित अंग्रेजीमा | ०.५५% | मूल्यङ्कनको |
| ४२ | व्यवसाय / संस्था दर्ता दस्तुर | १२०० | |
| ४३ | व्यवसाय / संस्था नविकरण दस्तुर | ६०० | |
| ४४ | उद्यम समूह दर्ता सिफारिस | ६०० | |
| ४५ | सामुदायिक विद्यालय स्वीकृति सिफारिस | १८०० | |
| ४६ | सामुदायिक विद्यालय कक्षा थप सिफारिस | १२०० | |
| ४७ | परीक्षा दस्तुर अधिकृ स्तर | ११०० | |
| ४८ | परीक्षा दस्तुर सहायकस्तर | ६०० | |
| ४९ | परीक्षा दस्तुर कार्यालय सहयोगीस्तर | ३५० | |
| ५० | जनजाती/दलित सिफारिस | १५० | |
| ५२ | यार्सागुम्वा लगायत स्वीकृत प्राप्त जडिबुटी संकलनको लागि प्रवेश र सरसफाई शुल्क स्थानीयलाई | १५०० | |
| ५३ | यार्सागुम्वालगायत स्वीकृत प्राप्त जडिबुटी संकलनको लागि प्रवेश र सरसफाई शुल्क गाउँपालिका बाहिरको नागरिकलाई | २००० | |
| ५४ | विधुत मिटर जडान सिफारिस | १५०० | |
| ५५ | अन्य सिफारिस | २५० | |
| ५६ | ५ लाखसम्मको योजना दर्ता तथा सम्झौता शुल्क | ५००। | |
| ५७ | ५ लाख देखि १० लाखसम्मको योजना दर्ता तथा सम्झौता शुल्क | १०००। | |
| ५८ | १० लाख देखि २० लाखसम्मको योजना दर्ता तथा सम्झौता शुल्क | १५००। | |
| ५९ | २० लाख देखि माथिको योजना दर्ता तथा सम्झौता शुल्क | २०००। | |
| ६० | विद्यालय लेखा परीक्षक आशय पत्र दर्ता दस्तुर | १०००। | |

**अनुसूची १२**

**ऐनको दफा (१३) सँग सम्बन्धित**

घर नक्सा पास शुल्क

| सि.नं. | आम्दानी संकेत | करको दर | कैफियत |
|---|---|---|---|
| १ | आर सी सी **जमिन** तला प्रति वर्ग फिट | ५ | |
| २ | आर सी सी **पहिलो** तला प्रति वर्ग फिट | ६ | |
| ३ | आर सी सी **दोस्रो** तला प्रति वर्ग फिट | ७ | |
| ४ | कच्ची घर एकमुष्ट | १००० | |

आज्ञाले

मन बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत